आज मिति २०८१।१२।२२ गते शुक्रबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपशील बमोजिमको उपस्थितिमा बसी तपशील बमोजिमका प्रस्तावहरुमाथि छलफल गरी तपशील बमोजिमको निर्णय गरियो।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम,थर | पद |
|---|---|---|---|
| १ | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २ | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३ | | श्री सन्तबहादुर मगर | १ नं. वडा अध्यक्ष |
| ४ | | श्री पञ्चबहादुर प्रजा | २ नं. वडा अध्यक्ष |
| ५ | | श्री नरबहादुर नेपाल | गा.पा.प्रवक्ता एवं ३ नं. वडा अध्यक्ष |
| ६ | | श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडा अध्यक्ष |
| ७ | | श्री तेजबहादुर शेरचन | ५ नं. वडा अध्यक्ष |
| ८ | | श्री लक्ष्मण प्रजा | ६ नं. वडा अध्यक्ष |
| ९ | | श्री बमबहादुर थापामगर | ७ नं. वडा अध्यक्ष |
| १० | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११ | | श्री पार्वति गुरुङ | कार्यपालिका सदस्य |
| १२ | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३ | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४ | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५ | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६ | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिव |

अन्य उपस्थितिः

१. तेज कुमार धमला अधिकृत छैटौं

२.

# कार्यपालिकाको प्रस्ताब पेश कार्यसूची

बैठक संख्याः ५२

अध्यक्षताः श्री दान बहादुर गुरुङ

बैठक मितिः २०८१।१२।२२

बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।

बैठक समयः विहान ११:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१।१२।२२ | ११:०० बजे | योजनाहरुको म्याद थप सहित रकम भुक्तानी सम्बन्धमा। | योजना/पूर्वाधार शाखा | १ |
| २०८१।१२।२२ | ११:१५ बजे | नेपाली सेनाबाट प्राप्त हुने ऐतिहासिक सजावटका सामाग्रीहरुको ग्रहण र संरक्षण सम्बन्धमा। | प्रशासन शाखा | २ |
| २०८१।१२।२२ | ११:२० बजे | "घ" वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ३ |
| २०८१।१२।२२ | ११:२५ बजे | कृषक समूह गठन तथा परिचालन कार्यविधि, २०८० को संशोधन सम्बन्धमा। | कृषि विकास शाखा | ४ |
| २०८१।१२।२२ | ११:३० बजे | डिभिजन वन कार्यालय भरतपुरलाई साझेदारी रकम उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ५ |
| २०८१।१२।२२ | ११:३५ बजे | कन्टिन्जेन्सी रकम खर्च सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ६ |
| २०८१।१२।२२ | ११:४० बजे | सुरक्षित नागरिक आवास कार्यक्रमबाट बञ्चित लाभग्राहीहरुलाई कार्यक्रममा समावेश गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ७ |
| २०८१।१२।२२ | ११:५० बजे | सहकारी अनुगमन प्रतिवेदन सम्बन्धमा। | सहकारी शाखा | ८ |
| २०८१।१२।२२ | ११:५५ बजे | गाउँपालिका राष्ट्रिय महासंघलाई दिइने भुक्तानी सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ९ |
| २०८१।१२।२२ | १२:१० बजे | आर्थिक सहयोग र मर्मत सम्भार रकम उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | १० |
| २०८१।१२।२२ | १२:१५ बजे | आ.व. २०८१।०८२ को दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन सम्बन्धमा। | प्रशासन शाखा | ११ |
| २०८१।१२।२२ | १२:२० बजे | सिमलढाप धमिली खोला जखेडीमाई सडकको विस्तृत परियोजना प्रतिवेदन (DPR) सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १२ |
| २०८१।१२।२२ | १२:२५ बजे | पशु चिकित्सकको दरबन्दी सम्बन्धमा। | प्रशासन शाखा | १३ |
| २०८१।१२।२२ | १२:३० बजे | खानेपानी तथा सिंचाई सेवा उपलब्ध गराउन विभिन्न स्थानमा सर्भे तथा DPR गर्नको लागि वाइन टु वाटर नेपाल नामक संस्थालाई स्वीकृत प्रदान गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १४ |
| २०८१।१२।२२ | १२:३५ बजे | गरीब परिवारको प्रारम्भिक सूचीका सम्बन्धमा परेको गुनासो सम्बन्धमा। | प्रशासन शाखा | १५ |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

## पूर्व बैठकको समीक्षा

मिति २०८१।११।२१ मा बसेको ५१ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

## मिति २०८१।१२।२२ मा बसेको ५२ औं कार्यपालिका बैठकको निर्णयहरु:

**निर्णय नं.१:** यस गाउँपालिकाद्वारा ठेक्का तथा उपभोक्ता समिति मार्फत सञ्चालित तपसिलमा उल्लिखित योजनाहरु विविध कारणवश तोकिएको समयावधिमा सम्पन्न हुन नसकी योजनाहरुको म्याद समाप्त भएकोले अपुरो कार्य पुरा गरी भुक्तानी दिने प्रयोजनार्थ उक्त योजनाहरुको म्याद थप गर्ने ।

तपसिल:

(क) ठेक्का नं.NCB/IRM/09/080/81 "Road,Landscape and Park estimation works at Ichchhakamana rural municipality " निर्माण कार्यको अन्तिम पटकको लागि २०८१ साल चैत्र मसान्त सम्म म्याद थप गर्ने साथै सम्झौता रकम नबढ्ने गरि भेरियसन आदेश स्विकृत गर्ने ।

(ख) यस गाउँपालिका ७ नं. वडामा निर्माणाधिन दाहाखानी लिफ्टिङ खानेपानी योजनाको म्याद २०८२ जेष्ठ मसान्त सम्म थप गर्ने ।

(ग) यस गाउँपालिका-१ नं. वडामा निर्माणाधिन चौकिडाँडा लिफ्टिङ खानेपानी योजनाको म्याद २०८२ जेष्ठ मसान्त सम्म थप गर्ने ।

(घ) यस गाउँपालिका र वाइन टु वाटर विच भएको समझदारी र सम्झौता बमोजिम रा आ वि पैरेनी इ. गा. पा.- ६, रा. आ. वि. मायाटार इ. गा. पा.- २ र मा वि ढुङ्ग्रे इ. गा. पा.- ६ मा सञ्चालित वास कार्यक्रम अन्तर्गत सञ्चालित योजनाहरुको म्याद २०८१ वैशाख मसान्त सम्म थप गर्ने ।

**निर्णय नं.२:** यस गाउँपालिकाको ७ नं. वडामा पर्ने उपरदाङगढीमा निर्माण भएको कोत घरलाई संग्रालयको रुपमा स्थापित गर्न नेपाली सेनाबाट प्राप्त हुने ऐतिहासिक सजावटका सामाग्रीहरु गाउँपालिकाले बुझिलिई त्यसको संरक्षण एवं सम्बर्द्धनको उचित व्यवस्था मिलाउने।

**निर्णय नं.३:** इच्छाकामना गाउँपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७९ को दफा २(३) बमोजिम श्री सिराईचुली ईन्फ्रास्ट्रक्चर डेभेलोपर्स प्रा.लि. इच्छाकामना–५, मुग्लिङ्ग, चितवनलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने।

**निर्णय नं.४:** इच्छाकामना गाउँपालिकाको कृषक समूह गठन तथा परिचालन कार्यविधि, २०८० को परिच्छेद-५: समूह दर्ता तथा नविकरण अन्तर्गतको दफा ११: नविकरणको व्यवस्थाको पहिलो बुँदामा उल्लेख "दर्ता भएका सबै समूहलाई २ बर्षको समयावधि कायम हुनेछ" भन्ने वाक्यांशको सट्टा "दर्ता भएका सबै समूहहरुको समयावधि १ बर्षको हुनेछ । समयावधि सकिएपछि आर्थिक ऐनमा तोकिएको शुल्क तिरेर नविकरण गर्नुपर्नेछ" भन्ने व्यहोराको वाक्यांशहरु थप गरी केही दफामा रहेका बुँदाहरुलाई बुलेटमा उल्लेख गरिएकोमा बुलेटहरु हटाई बुँदाहरुलाई क्रमशः (क), (ख), (ग),....मा राखेर संशोधन गर्ने।

[signature] ... बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

[signature] दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

**निर्णय नं.५:** डिभिजन वन कार्यालय, चितवनको आ.व. २०८१।०८२ को स्वीकृत बार्षिक कार्यक्रमः स्थानीय स्तरमा पर्यावरणमैत्री बाल उद्यान एवं ज्येष्ठ नागरिक हरित पार्क निर्माण तथा व्यवस्थापन कार्यक्रम यस गाउँपालिकाको वडा नं. ७ मा सञ्चालन गर्नको लागि गाउँपालिकाको तर्फबाट वेहोर्नुपर्ने रु. ५०,०००।- (अक्षेरेपि पचास हजार मात्र) रकम उपलब्ध गराउने।

**निर्णय नं.६:** इच्छाकामना गाउँपालिकाको कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने।

**निर्णय नं.७:** इच्छाकामना गाउँपालिका १ नं. वडा निवासी सन्त बहादुर चेपाङ र राजकुमार चेपाङको आ.व. २०७७।०७८ मा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत खरको छानो हटाई जस्ताको छानो लगाउने लाभग्राहीहरुको सूचीमा नाम समावेश भएको तर निजहरुको नागरिकता प्रमाणपत्र नबनेको कारण सो सुविधा उपयोग गर्नबाट बञ्चित भएकोमा हालसम्म पनि निजहरुको घरको छानो खरले नै छाएको अवस्थामा रहेको तर हाल निजहरुले नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको हुँदा निजहरुको घरको खरको छानो हटाई जस्ताको छानो लगाउन आ.व. २०८१।०८२ मा सुरक्षित नागरिक आवास कार्यक्रमका लागि विनियोजित बजेटबाट खर्च लेख्ने गरी कार्य अगाडी बढाउने।

**निर्णय नं.८:** सहकारी अनुगमन समिति, इच्छाकामना गा.पा. द्वारा आ.व. २०८१।०८२ मा गरिएको सहकारीहरुको अनुगमनको प्रतिवेदनको आधारमा यस गाउँपालिकाभित्र कार्यक्षेत्र रहने गरी दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरुलाई संस्थागत सुधारको लागि सुझाब सहित ३५ दिनको समयावधि दिई पत्राचार गर्ने।

**निर्णय नं.९:** गाउँपालिका राष्ट्रिय महासंघ नेपालको च.नं. ८९, मिति २०८१।१०।३० गतेको पत्रमार्फत भएको अनुरोध बमोजिम यस गाउँपालिकाको आ.व. २०८०।०८१ र आ.व. २०८१।०८२ को बार्षिक सदस्यता शुल्क बापतको प्रति बर्ष रु. ३०,०००।- (अक्षेरेपि तीस हजार मात्र) का दरले दुई बर्षको जम्मा रकम रु. ६०,०००।- (अक्षेरेपि साठ्ठी हजार मात्र) उक्त महासंघको बैङ्क खाता मार्फत भुक्तानी दिने।

**निर्णय नं.१०:** आ.व. २०८१।०८२ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रमको अधिनमा रही तपसिल बमोजिमका संस्थाहरुलाई तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने।

<u>तपसिलः</u>

(क) वडा नं. १ मा पर्ने चितवन जिल्लाकै अग्लो स्थान सिराईचुली (१९४५ मी.) मा सिराईचुली आमा समूहद्वारा नव वर्ष २०८२ सालको अवसर पारेर आयोजना गर्न लागिएको पर्यटन मेलाका लागि सरसफाई तथा मन्दिर रंगरोगन गर्न धार्मिक तथा सांस्कृतिक संस्था सहायता शिर्षकबाट विल भरपाईको आधारमा रु. ३०,०००।-(अक्षेरेपि तीस हजार मात्र) सहयोग उपलब्ध गराउने।

(ख) वडा नं. ५ मा रहेको नेपाल मगर संघले नव वर्ष २०८२ सालको अवसर पारेर स्थानीय उत्पादनबाट बनेका परिकारहरुलाई प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गर्न लागेको 'New Year Food and Music Fest – 2082' तथा शुभकामना आदानप्रदान कार्यक्रमलाई आर्थिक सहायता

... बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

स्वरुप इच्छाकामना पञ्चमी महोत्सव तथा मुग्लिङ्ग फुड फेस्टिबल शिर्षकबाट बिल भरपाईको आधारमा अधिकतम रु. ५०,०००।--(अक्षेरेपि पचास हजार मात्र) रकम उपलब्ध गराउने।

(ग) वडा नं. ७ मा रहेको उर्ग्यानलिङ्ग बौद्ध गुम्बाको आयोजनामा २०८१ साल माघ १६ गते तामाङ समुदायको महान् चाड सोनाम ल्होसार (२८६१) को अवसरमा आयोजित शुभकामना आदानप्रदान तथा विविध सांस्कृतिक कार्यक्रम कार्यक्रमलाई आर्थिक सहायता स्वरुप प्राप्त बिल भर्पाईका आधारमा अधिकतम रु. ३०,०००।-(अक्षेरेपि तीस हजार मात्र) धार्मिक तथा सांस्कृतिक संस्था सहायता शिर्षकबाट उपलब्ध गराउने।

(घ) वडा नं. ३ मा रहेको छोरी बुहारी महिला समूहको भवन बनाउनको लागि घडेरी बनाउने प्रयोजनार्थ उक्त समूहलाई निर्मित सार्वजनिक सम्पत्तीको मर्मत सम्भार शिर्षकबाट प्राविधिक मुल्याङ्कनको आधारमा अधिकतम रु. ५०,०००।- (अक्षेरेपि पचास हजार मात्र) सहयोग उपलब्ध गराउने।

(ङ) वडा नं. ५ मा रहेको त्रिवेणी वराह माध्यमिक विद्यालय, मुग्लिङ्गले विद्यालय परिसरमा रहेको शौचालयको ढोकाहरु मर्मत गराउँदा खर्च भएको प्राविधिक मुल्याङ्कनको आधारमा अधिकतम रकम रु. ८८,८००।-(अक्षेरेपि अठासी हजार आठ सय मात्र) निर्मित सार्वजनिक सम्पत्तीको मर्मत सम्भार शिर्षकबाट सम्बन्धित सेवा प्रदायकको खातामा उपलब्ध गराउने।

(च) वडा नं. २ चिसापानी निवासी युवराज गुरुङको घरमा अचानक आगलागी भई घरमा रहेका सम्पूर्ण सामाग्रीहरु जलेर नष्ट भएकोले प्रहरी मुचुल्का र सम्बन्धित वडाको सिफारिस सहित राहत स्वरुप आर्थिक सहायताको लागि सिफारिस भई आएकोले पिडितलाई सहायता स्वरुप २ बण्डल जस्ता, २ बोरा चामल, ५ के.जी. दाल र २ थान ब्लाङ्केट उपलब्ध गराउने।

<u>निर्णय नं.११:</u> आ.व. २०८१।०८२ को दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८१ साल चैत्र २९ गते शुक्रबारका दिन दिनको १:०० बजे वडा नं.५ मुग्लिङ्ग स्थित थकाली सेवा समाजको भवनमा सञ्चालन गर्ने।

<u>निर्णय नं.१२:</u> इच्छाकामना गाउँपालिकाको ७ नं. वडामा पर्ने सिमलढाप देखि धमिलीखोला हुँदै भरतपुर महानगरपालिकाको जखेडीमाई सम्म कालोपत्रे गर्ने कार्यको लागि इगल्स सलुसन्स प्रा.लि. काठमाण्डौ महानगरपालिका-२९ अनामनगरले तयार गरी पेश गरेको विस्तृत परियोजना प्रतिवेदन(DPR)स्वीकृत गर्ने।

<u>निर्णय नं.१३:</u> इच्छाकामना गाउँपालिकामा कायम रहेको कृषि सेवा, ला.पो.डे.डे. समूह, पशु विकास अधिकृत पदको दरबन्दीलाई कृषि सेवा, ला.पो.डे.डे./भेटेरिनरी समूह, पशु विकास अधिकृत/पशु चिकित्सक पद कायम रहने गरी स्वीकृत गर्ने।

<u>निर्णय नं.१४:</u> वाईन टु वाटर नेपाल नामक संस्थालाई इच्छाकामना गाउँपालिका वडा नं.३ मा पर्ने नागदह, चौतारा, सिस्नेरी, धोद्रेबाज, माथिल्लो डुँडे, तल्लो डुँडे, सिरान गाउँ, माझ गाउँ, स्वरा, चैबुङ र डाँडागाउँका बस्तीहरु एवं वडा नं. ७ मा पर्ने दाहाखानी देखी लामो आहाल सम्मका बस्तीहरुमा खानेपानी तथा सिँचाई सेवा उपलब्ध गराउन सर्भे तथा DPR गर्नको लागि स्विकृती प्रदान गर्ने।

[signature] ... बस्नेत
... प्रशासकीय अधिकृत

[signature] दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

**निर्णय नं.१५:** यस गाउँपालिकाबाट संकलन गरिएको तथ्याङ्कलाई विश्लेषण गरी भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौंबाट च.नं. ३८७, मिति २०८१।०८।१७ गतेको पत्र मार्फत यस गाउँपालिका भित्र बसोबास गर्ने घरपरिवारहरुलाई अति गरिब, मध्यम गरिब, सामान्य गरिब र गैर गरिब ४ भागमा वर्गिकरण गरी प्राप्त हुन आएको प्रारम्भिक सूचिमा चित्त नबुझी गाउँपालिकाका सातैवटा वडाबाट तपसिलमा उल्लिखित संख्यामा प्राप्त भएका गुनासोहरुलाई आवश्यक कार्यवाहीका लागि मन्त्रालयमा सिफारिस गरी पठाउने।

<u>तपसिलः</u>

वडा नं. १ - ९ घरपरिवार
वडा नं. २ - ५१ घरपरिवार
वडा नं. ३ - ९ घरपरिवार
वडा नं. ४ - १६ घरपरिवार
वडा नं. ५ - १४ घरपरिवार
वडा नं. ६ - २३ घरपरिवार
वडा नं. ७ - ५३ घरपरिवार

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष